# अग्निदेव र उनको प्रतिमा

-डा. वीणा पौड्याल

वैदिक देवता अग्निको धार्मिक र सामाजिक दुवै प्रकारको महत्त्व छ । वैदिक देवताहरूमा अग्निदेवको उच्च स्थान रहेको तथ्य वेदका विभिन्न ऋचाहरूबाट प्रष्ट हुन्छ । तर पछि पौराणिक समयमा देव परिवारमा ठूलो परिवर्तन आयो र इन्द्र, वायुदेव जस्तै अग्निदेवको स्थान पनि तल झऱ्यो र एउटा दिक्पालको रूपमा मात्रै अग्नि पूजित हुन थाले । हिन्दूहरूको प्राचीन र महत्त्वपूर्ण ग्रन्थ ऋग्वेदको प्रथम मन्त्र नै अग्निदेवको आह्वानबाट प्रारम्भ भएको छ ।

ऋषिः मधुच्छन्दा, देवताः अग्नि, छन्दः गायत्री
अग्निमीले पुरोहितं यज्ञष्य देवमृत्विजम्
होतारं रत्नधातमम् । १ ।
अग्निः पूर्वेभिऋषिभिरीडयो नूतनैरूत
स देवां एह वक्षति । २ ।
अग्निना रयिमश्नवत् पोषमेव दिवेदिवे
यशसं वीरवत्तमम् । ३ ।
अग्ने यं यज्ञमध्वरं विश्वतः परिभूरसि
स इद्देवेषु गच्छति । ४ ।
अग्निर्होतः कविक्रतुः सत्यश्चिागश्रवस्तमः
देवो देवेभिरागमत् । ५ । (ऋग्वेद, १,१)

**अर्थ:**

म अग्निको स्तुति गर्दछु । अग्नि यज्ञको पुरोहित, यज्ञमा देवताहरूलाई बोलाउने र यज्ञफल धारण गर्दछन् । प्राचीन ऋषिले अग्निको स्तुति गरेका थिए, वर्तमान ऋषिले पनि अग्निको स्तुति गर्दछन् । अग्निको कृपाले यज्ञमानलाई यज्ञ र धन प्राप्त हुन्छ र बढ्छ । हे अग्नि ! यो यज्ञमा आउ र देवतालाई पनि बोलाउ । तिमी यजमानको कल्याण गर्दछौं । हामी तिमीलाई नमस्कार गर्दछौं । छोराले बाबु सजिलैसंग प्राप्त गरे जस्तै हामी पनि तिमीलाई सजिलैसंग प्राप्त गर्न सकौं ।

वेदको उल्लेख अनुसार मनुष्यले आह्वान गरेर चढाएको हवि विभिन्न देवताहरूलाई पुऱ्याउने महत्त्वपूर्ण कार्य पनि यज्ञको पुरोहित अग्निले नै गर्दछन् । देवताहरू बिहान सबेरै उठ्दछन् तर अग्नि भने के दिन के रात दुवै समयमा जाग्रामै बस्दछन् । अग्निको दैविक दृष्टि चन्द्रमा, ताराको अनुपस्थितिमा दिन कायमै रहन्छ ।

हिन्दू धर्मग्रन्थ अनुसार अग्निको ३ रूप प्रष्ट देखिन्छ । (क) सूर्य, (ख) आकाशमा चम्किने बिजुली, (ग) पृथ्वीको आगो । अग्निको यो रूप होम गर्दा पनि देखिन्छ । २३ वटा काठका टुक्रा माथि ३ वटा काठ त्रिकोण

आकारमा राखिन्छ जसले धर्ति आकाश र जीवात्मामा रहेको अग्निको प्रतिनिधित्व गर्दछ। पुराणहरूमा अग्निलाई पनि सूर्यकै रूप मानिएको छ। विष्णु पुराण अनुसार सूर्य जब अस्ताचलमा जान्छन् तब आफ्नो तेज अग्निलाई अर्पित गरेर जान्छन्। त्यसैले अग्निको ज्वाला राति परबाटै देखिन्छ।
प्रभा विशस्वतो रात्रावस्तं गच्छाति भास्करे विशत्याग्निमतो रात्रों बहिर्दूरात्प्रकाशते।

*विष्णु पुराण २/८/२४*


अग्निदेवलाई मानिसको सम्पूर्ण पाप देख्ने र पापीलाई दण्ड दिने देवताको रूपमा पनि वर्णन गरिएको छ।

अग्निको जन्मबारे विभिन्न कथा पुराणमा छन्। आजको जस्तो एक काटी सलाईमा अग्निको शक्ति जम्मा पार्ने प्रविधि प्राचीन समयमा थिएन, त्यसैले दुइवटा काठ वा ढुङ्गा रगडेर घर्षणबाट उत्पन्न आगो धार्मिक र सामाजिक कार्यको लागि प्रयोग गरिन्थ्यो। काठ, ढुङ्गा रगडेर वायुको मद्दतले आगो बल्ने भएकोले अग्निलाइ वायु पुत्र पनि भनिन्छ।

हिन्दूहरूको अष्ट दिक्पालमध्ये अग्निको दक्षिण पूर्व दिशाको रेखदेख र रक्षा गर्दछन्। अरू ७ दिक्पालमध्ये (१) इन्द्रले पूर्व, (२) यमले दक्षिण, (३) निऋति दक्षिण-पश्चिम, (४) वरूण पश्चिम, (५) वायु उत्तर-पश्चिम, (६) कुवेर उत्तर र (७) ईशान उत्तर-पूर्वको देखरेख गर्दछन्।

हिन्दू धर्मग्रन्थमा अष्ट दिक्पालको उल्लेख भए जस्तै महायानी बौद्ध धर्मग्रन्थमा चार महापालको (चतुर महाराज, चार दिक्पाल) वर्णन छ। पूर्वपट्टि हातमा वीणा लिएका धृतराष्ट्र, पश्चिमपट्टि हातमा चैत्य लिएका ३ आँखा भएका विरूपाक्ष, उत्तरतर्फ न्याउरीमुसा लिएका वैश्रवण र दक्षिणतर्फ खड्ग लिएका विरूदक गुम्बा र विहारका चार दिशामा अंकित गरिन्छ। बौद्ध धर्मग्रन्थमा चार दिक्पालको उल्लेख भए जस्तै शुरूमा हिन्दू धर्मग्रन्थमा पनि चार दिक्पालको मात्रै उल्लेख थियो। हिन्दू धर्मग्रन्थहरूमा दिक्पालको नाम र संख्या भने एउटै छैन। कुनै ग्रन्थमा सूर्य र चन्द्र पनि दिक्पालको रूपमा पूजित छन्। रामायणमा पनि चार दिक्पालको मात्रै उल्लेख छ। जैन ग्रन्थमा पनि दिक्पालहरूको उल्लेख छ जसमा हिन्दू धार्मिक ग्रन्थमै उल्लेख भएको दिक्पालहरूको नामसंगै ब्रम्हा र नाग पनि थपिएका छन्। वी.सी. भट्टाचार्यको जैन आइकनोग्राफोमा यसको वर्णन गरेका छन्। (J.N. Banerjea, Development of Hindu Iconographo 1985 P. 520-22) यसरी हिन्दू बौद्ध, जैन सबै धर्मग्रन्थमा दिक्पालको उल्लेख पाइन्छ।

यो दिक्पालमध्ये अधिकांश देवताले वैदिक देववादमै प्रधान र प्रमुख स्थान प्राप्त गरेका थिए। वैदिक धर्ममा अग्निको स्थान सारै महत्त्वको थियो तर पछि पौराणिक अग्निलाई दिक्पालको स्थानमा राखियो। प्रतिमा निर्माण गर्दा दिक्पालहरूको चार हात बनाउनु पर्ने नियम रूपमण्डनमा



छ। तर मत्स्यपुराणमा दुई हात भएको दिक्पालहरूको निम्नलिखित वर्णन गरिएको छ।

वैन्हेस्तु लक्षणं वक्ष्ये सर्वकाम फलप्रदम्
दीप्तं सुवर्णवपुषमर्धचन्द्रासने स्थितम् ।
वालार्कसदृशं तस्य वदनञ्चापि दर्शयेत्
यज्ञोपवीतिनं देवं लम्बकूर्चघर तथा ॥
कमण्डलुं वामकरे दक्षिणे तवक्षसूत्रकम्
ज्वाला वितानसंयुक्त मजवाहन मज्वतम् ॥
कुण्डस्थं वापि कुर्वीत मूर्ध्निसप्तशिखान्वितम् ।
(मत्स्य पुराण, २६०/९/१२)

*(बलराम श्रीवास्तव (सं) रूपमण्डन, मोतीलाल सं. २०२१, पृ. ४४-४६)*

पंच तत्त्व जल, पृथ्वी, आकाश, हावा र अग्निबाट नै सम्पूर्ण जीव र विश्व ब्रम्हाण्डको निर्माण भएको छ। हिन्दू दर्शन अनुसार मानिसको मृत्युपछि पंच तत्त्वले निर्मित उसको शरीर पंच तत्त्वमै मिल्दछ। अजर र अमर आत्मा मात्रै बाँकी रहन्छ।

अग्निलाई अपच भएको प्रसंग पनि रोचक छ। राजा श्वेतकीले लामो समयसम्म यज्ञ गरेकाले वायुमण्डल धुवाँले ढाकियो, ऋषिहरूले यज्ञमा चरू होम्न मानेनन् तर श्वेतकीले शिवलाई प्रार्थना गरेर ऋषि दुर्वाशाद्वारा अरू १२ वर्षसम्म आफ्नो यज्ञ गराए। यसरी लामो समयसम्म आगोमा चढाइएको विभिन्न वस्तु ग्रहण गर्दा गर्दा अग्निको पेट बिग्रियो। उनलाई अपच हुन थाल्यो। अनेक उपाय गर्दा पनि केही लागेन, अग्नि ब्रम्हाकहाँ समस्याको समाधानको लागि गए। ब्रम्हाले खाण्डव वन दाह गर्न सके अग्निको पेटको उपचार हुने कुरा बताइदिए। त्यही अनुरूप कृष्ण र अर्जुनको मद्दतले अग्निले खाण्डव वन दाह गरे। महाभारतको आदिपर्वमा अग्निले कृष्ण र अर्जुनलाई आफूले वरूणद्वारा प्राप्त गरेको गाण्डिव धनु, वाण खाली नहुने ठोक्रो, सेतो ४ वटा घोडाले तानेको सुन्दर रथ पनि प्रदान गरेको वर्णन छ। (Vetlam Man, Puranic Encyciopaedia, 1993, p 11) एकपल्ट इन्द्र र अग्निले राजा शिविको दानको परीक्षा लिने विचार गरे। अग्निले परेवाको रूप र इन्द्रले वाजको रूप लिए। वाजले लखेटेको परेवा राजा शिविको शरणमा गयो। बाज पनि आफ्नो शिकार पछ्याउँदै राजाकै सभामा पुग्यो। बाजले आफ्नो शिकार माथिको हक दावी गऱ्यो। राजाले शरणको मरण नगर्ने कुरा बताए, अन्त्यमा राजा शिविले आफ्नो मासु काटेर परेवाको तौल बराबर नै दिने वचन गरे पछि झगडा टुंगियो। राजा शिविसंग हारेपछि अग्नि र इन्द्रले आफ्नो सच्चा रूपमा आएर शिविलाई स्वर्ग लिएर गए।

पुराणमा ऋषि भृगुले आफ्नो गर्भिणी पत्नी पुलोमालाई अग्निको जिम्मामा आश्रममा छाडेको प्रसंग छ। भृगु ऋषि आश्रमबाट निस्किएपछि पुलोम नाम राक्षस त्यहाँ आएर अग्निलाई आफूले पुलोमालाई मानसिक रूपले विवाह गरेको कारण बताउँदै हाँसको रूप लिएर पुलोमालाई उडाएर लगे। प्रसवको समय भैसकेको पुलोमाले बाटैमा पुत्र (च्यवन) लाई जन्म दिइन्। च्यवन (प्रसिद्ध ऋषि) को अनुहारमा सूर्यको जस्तो तेज देखेर राक्षस पुलोमा डराए, अनर्थ हुने डरले पुलोमा र च्यवनलाई छोडेर आफू भागे। पुलोमा आफ्नै पति भृगुको आश्रममा फर्किइन्। यता ऋषि भृगुले अग्निलाई पुलोमाको सुरक्षा गर्न नसकेको हुनाले पृथ्वीमा भएको सबै अपवित्र वस्तु पनि खानु पर्ने श्राप दिए। अग्नि श्रापबाट बच्न लुक्न गए। त्रिभुवनमै हाहाकार मच्चियो। अग्नि विनाको मानव जीवन त झन कठीन भयो। अन्त्यमा ब्रम्हाले अग्निको श्रापलाई यसरी परिवर्तन गरे अग्निले जे छोए पनि त्यो पवित्र हुने भयो। यो वरदानपछि अग्निले आफ्नो काम फेरि शुरू गरे। (महाभारत, आदिपर्व, पौलोमपर्व, २२)

ओठले फुकेपछि मात्र अग्नि प्रज्वलित हुने प्रसंग पनि निकै चाखलाग्दो छ। महिशमतिपुरका शक्तिशाली राजाकी सुन्दर छोरी सुदर्शनालाई देख्ने वित्तिकै अग्नि प्रेममा परे। अग्निले दिन रात सुदर्शनाको सुन्दर ओठ मात्र देख्न थालेको हुँदा सुदर्शनाले ओठले फुकेपछि मात्र अग्नि प्रज्वलित हुन थाले, यो प्रेम-कहानी अग्नि र सुदर्शनाको विवाहमा टुंगियो।

त्रयम्वक (तीनवटा आमाका छोरा) भनेर ऋग्वेदमा

संबोधन गरिएका अग्निलाई विदुषी स्टेला क्रयामरीचले आगोलाई (पंचतत्व मध्ये एक) (१) आगो, (२) अग्निदेवको (इश्वर) रूपमा र (३) रूठको रूपमा वेदमा दर्शाइएको कुरा व्याख्या गरेकी छिन् । (Stella Kramrisch The Presence of Siva, Princeton, U.P. 1981, p. 16)

दश मुख्य उपनिषदमध्ये कठोपनिषदमा ब्रम्हाविधाको सम्बन्धमा स्पष्टसंग व्याख्या छ । (इश, केन, कठ, प्रश्न, मुण्डक, मांण्डूब्य, ऐतरेय, तैतरीय, छान्दोग्य, बृहदारण्यकउनिषद) कठोपनिषदमा यमराज र बालक नचिकेता प्रश्न उत्तर क्रममा पनि अग्निको प्रसंग आउँछ । विभिन्न अग्नि मध्ये नचिकेता अग्निलाई ३ पल्ट छान्ने मानिस (आमा, बाबु, गुरू) तिनै जनासंगको सम्बन्ध राखेर जन्म र मृत्युलाई पार गर्दछन् । ब्रम्हाबाट उत्पन्न ज्ञानवान र स्तुतियोग्य देवतालाई जानेर अनुभव गरेर यो शान्ति प्राप्त हुन्छ । (स्व. चिन्मयानन्द, <u>कठोपनिषद</u>, १९८२, पृ. ६४-६५)

त्रिणाचिकेतस्त्रिभिरेत्य सन्धिं
त्रिकर्मकृत्तरति जन्ममृत्यु
ब्रम्हाजज्ञं देवमीड्यं विदित्वा
निचाथ्येमां शान्तिमत्यन्तमेति
(कठोपनिषद १-१७)

**अग्निको प्रतिमा:** वैदिक देवता अग्निको वेदमा शारीरिक भन्दा गुण अथवा कार्यको अनुसार वर्णन छ । हिन्दू धर्म र दर्शनको भावना, चिन्तन यति फराकिलो र विशाल छ कि यहाँ पंचतत्वलाई (अग्नि, वायु, पृथ्वी, तेज, जल) इश्वरीय गुण सहित मानव आकृतिमा कल्पना गरेर कुद्ने प्रचलन छ । त्यसैले हामी कहाँ पृथ्वीको मूर्ति बनाउँदा गोलो डल्लो मात्र नबनाएर सुन्दर स्त्री मूर्तिको (माताको रूपमा) रूपमा बनाइन्छ । त्यसरी नै गंगा जमुना नदीलाई पनि खोलाकै प्राकृतिक रूपमा मात्र नदेखाएर सुन्दर स्त्री रूपमा चित्रण गरिन्छ, त्यस्तै अग्निलाई बलेको आगोको रूपमा मात्रै चित्रण नगरेर मानव आकृतिमा कुदिन्छ । प्रतिमा विज्ञानका विभिन्न पुस्तकमा अग्नि देवको प्रतिमा निर्माण गर्ने नियम तोकिएको छ । विष्णुधर्मोत्तरमा यस्तो वर्णन छ, अग्निको शरीरको वर्ण रातो छ, जसबाट तेज प्रकट हुन्छ । तेजको रंग पनि रातै छ । (रक्त हि तजसो रूपं रक्तवर्ण तत: स्मृतम् । विष्णुधर्मोत्तर ५६ । ४)

विष्णुधर्मोत्तरको अर्को स्थानमा शिवको जस्तै रूपको वर्णन छ । तीन नेत्र जटा, अक्षमाला, त्रिशुल, धारी अग्नि सत्व, रज, तम गुणको प्रतिनिधित्व गर्दछन् । सबै प्रकारको औषधिको प्रतिनिधित्व पनि अग्निले गर्दछ । ( विष्णुधर्मोत्तर ५६ । ६-७)

विष्णुधर्मोत्तरमा अग्नि र स्वाहाको संगसंगै बनाइने प्रतिमाको उल्लेख छ । चार वटा हात, तीन वटा आँखा, जटा, ज्वालासमूहद्वारा घेरिएको, सारथी वायु, दाहिने हातमा ज्वाला एवं त्रिशुल, बायाँमा अक्षमाला, बायाँ काखमा रत्नपात्र लिएको अग्निको पत्नी स्वाहा बनाउनु पर्दछ । (प्रियकाला शाह (सं.), विष्णु धर्मोत्तर वडोदा, १९३८)

मत्स्यपुराणमा पनि अग्निको प्रतिमा बनाउने नियम तोकिएको छ जस अनुसार अग्निको प्रतिमामा ज्वालामण्डल, यज्ञोपवित, लामो दार्‍ही, बोका बाहन, दायाँ र बायाँ हातमा अक्षसुत्र एवं कमण्डलु हुनु पर्दछ । (मत्स्य पुराण, रामप्रताप त्रिपाठी, प्रयाग, २००३)

भारतको मध्य प्रदेशको छतरपुर जिल्लाको खजुराहोमा अग्निका थुप्रै सुन्दर मूर्तिहरू छन् । लक्ष्मण मन्दिरको दक्षिण-पूर्व कुनामा अग्निलाई दिक्पालको रूपमा जगदम्बी मन्दिरमा एक्लै उभिएको र पत्नी स्वाहालाई अंगालो हालेको आदि विभिन्न थरीका मूर्ति कुँदिएका छन् । खजुराहोको अग्नि प्रतिमामा बोका र भेंडा दुवै बाहनको रूपमा छेउमा कुँदिएको छ । अग्निदेव यज्ञका मर्मज्ञ मानिएका छन्, उनी पुरोहितको साथसाथै ऋषि पनि हुन् । ऋषिहरूमा पनि दिव्य ऋषि मानिएका अग्निको हातमा यज्ञ-पात्र, बनाइन्छ । ( रामश्रय अवस्थी, <u>खजुराहोकी देव-प्रतिमाएं</u>, ओरिएण्टल पब्लिसिंग हाउस, १९७५, पृ. २४)

गोपिनाथ रावले आफ्नो पुस्तक Elements of Hindu Iconography मा अग्निको २ वटा प्रतिमाको वर्णन र फोटो पनि राखेका छन् । भारतको कन्दीयूरको शिव मन्दिरमा बोकाको दुई वटा टाउको, तीन वटा खुट्टा र सात वटा हात भएको अग्निको प्रतिमा छ । दोश्रो प्रतिमा

चिदाम्बरम् शिव मन्दिरमा छ । चिदाम्बरम्को प्रस्थरको अग्नि मूर्तिको दुई वटा टाउको पछाडि माथितिर गएको अग्निज्वाला र मूर्तिको पृष्ठभूमिमा साढे बनाइएको छ । यो अग्निको दुवै मूर्ति विशेष प्रकारका छन् । (T.A. Gopinatha Rao, Elements of Hindu Iconography No III, Part II, Deehi, P. 524)

नेपालमा अग्निको प्रतिमा हातको औंलामा गन्न सकिने मात्र छन् ।

१) चाँगुनारायण मन्दिरको टुडाँलको अग्निदेव
२) स्वयम्भु अग्निपुरको अग्नि (Mary Shephed Slusser, Nepal Mandala Vol: 2, 1982, Page 439)
३) पशुपति ब्रम्हा मन्दिरको दक्षिण गाऱ्होको अग्निदेव
४) भक्तपुरको ५५ झ्याले दरवारको भित्तेचित्रको अग्निदेव
५) गुहीत विहार, पाटनको अग्नि देव
६) महारानी ललित त्रिपुर सुन्दरीले त्रिपुरेश्वरमा स्थापना गरेको त्रिपुरेश्वर महादेव मन्दिरको उत्तरतर्फको अग्नि (जगदीशचन्द्र रेग्मी, शाहकालीन कला र वास्तुकला २०५०)

## पशुपति ब्रम्हा मन्दिरको अग्निदेव:

पशुपति चौघेरा भित्रको ब्रम्हा मन्दिरको दक्षिण तर्फको गाऱ्होमा एउटा साऱ्है नै सुन्दर अग्निदेवको ढुङ्गाको मूर्ति छ। दुई वटा हात र दुई वटा खुट्टा भएको यो अग्निदेवको मूर्तिको दायाँतर्फ बाहनको रूपमा भेडा कुँदिएको छ। त्यो भेडाले टाउको भने अग्निदेवतर्फ नै फर्काएको छ । भेडाको सिङ्ग स्वाभाविक ढङ्गले घुमरेको छ । यो अग्निदेवकै हो भनेर चिन्ने बलियो आधार बाहनको रूपमा रहेको त्यो भेडा नै हो । हरिवंश पुराणले रातो रङ्गको घोडाले तानेको रथमा अग्निदेव चढ्ने र उनको बाहानको रूपमा भेडा रहने कुराको वर्णन गरेको छ। त्यसैले यो मूर्तिमा अग्निको बाहनको रूपमा भेडा बनाइएको शास्त्र अनुरूप नै छ। यो मूर्तिमा अग्नि देवको जटामुकुट, चुस्स परेको लामो दाऱ्ही, जनै, शरीरको दायाँ बायाँ लत्रेको वर्कोको लामो फेर, धोतीको भुजा र बुट्टा बनाउन कलाकारले निकै नै मेहनत गरेको देखिन्छ अग्निको दुइ हात मध्य दायाँ हात वरद मुद्रामा र बायाँ हातमा लामो अक्षसूत्र छ । आंगिक अनुपात मिलेको र सरल यो मूर्ति हेर्ने बित्तिकै नै दशौं शताब्दीको भनेर तोक्न सकिन्छ । काठमाडौं उपत्यकामा भएको प्रस्तरको एउटै मात्र अग्निदेवको यो मूर्तिको ठूलो महत्त्व छ ।


प्रतिमा निर्माणमा अग्निको ब्यापकता नदेखिएता पनि दैनिक पूजा आजा र विशेष पर्व-पूजामा अग्नि देवको साऱ्है नै महत्त्वपूर्ण स्थान छ । हिन्दूहरूको कुनै पनि पुजा आजा दियो बालेर मात्रै प्रारम्भ गरिन्छ। हिन्दूहरूको महत्त्वपूर्ण संस्कार न्वारान, पास्नी, ब्रतबन्ध, विवाह र अन्त्येष्टि आदि जुनसुकै कार्यमा पनि वैदिक परम्पराको रूपमा कायम यज्ञवेदीमा अग्नि प्रज्वलित गरेर मात्र शुभारम्भ गरिन्छ । वैदिक युगमा यज्ञ गर्दा आगोमा चढाइने विभिन्न बस्तुहरू अग्निदेवले स्वर्गलोक र पितृलोक पुऱ्याउने वर्णन वेदमा पाइन्छ । त्यसैले अग्निदेवलाई वेदमा ह्व्याबाहन (देव गणलाई अर्पण गरेको वस्तु पुऱ्याउने) र कव्यबाहन ( पितृगणलाई अर्पण गरेको वस्तु पुऱ्याउने) को रूपमा वर्णन छ । त्यसैले विदुषी सुकुमारीजीले आप्नो पुस्तक The Indian Theogony मा अग्निदेवलाइ भलो गर्ने देवता र अनिष्टकारक दुवै रूपमा वर्णन गर्नुभएको छ ।

अग्निदेवले ऋषि वशिष्टलाई बताएको अग्नि पुराणमा (अठार पुराण मध्ये एक) ४२० वटा भागहरू छन् । विभिन्न विषयको चर्चा अग्नि पुराणमा छ । महाविष्णुको दशअवतार, रामायण, महाभारत, विभिन्न देवता पूजा विधि, मन्दिरमा देव प्रतिमा स्थापना गर्ने नियम, ज्योतिष शास्त्र, वास्तुकला, मूर्तिकला, आयुर्वेद र नाटक जस्ता विभिन्न विषयमा अग्नि पुराणमा चर्चा छ । यसमा समावेश भएका विषय अनुसार यो पुराण निकै पछि लेखिएको देखिन्छ ।

अग्निदेवको विभिन्न रूप र गुण बताउने ३४ वटा नामहरू अमरकोषमा छन् । (१) अग्नि (२) वेश्वानर (३) वन्हि (४) वोतिहोत्र (५) धनञ्जय (६) कृपोटयोनि (७) ज्वलन (८) जातवेद्स् (९) तननुपात् (१०) वर्हि (११) शुष्म्न

(१२) कृष्णवर्त्मन (१३) शोचिष्केश (१४) अषर्वुध (१५) आश्रयाश (१६) बृहम्दानु (१७) कुष्णवर्त्मन (१८) पावक (१९) जनल (२०) रोहिताश्व (२१) वायुसत्व (२२) शिखावत् (२३) आशुशुक्षाणि (२४) हिरण्यरेतस् (२५) हुतभुत् (२६) दहन (२७) हव्यवाहन (२८) सप्तार्चिष् (२९) दमुनस् (३०) शुक्र (३१) चित्रमानु (३२) विभावंसु (३३) शुचि (३४) अप्पित (पन्नालाल अभिमन्यु, अमरकोश, वाराणसी, चौखम्वा, विधा भवन, १९९५, पृ. ९)

गृहस्थ धर्ममा प्रवेश गर्ने युवा जोडीले आगो सल्काएर ब्रम्हचार्य आश्रमको अन्त्य र गृहस्थ आश्रमको प्रारम्भ गर्नुपर्दछ। हिन्दूहरूको प्राचीन ग्रन्थमा अग्नि सम्प्रदायको ठूलो महत्त्व छ। विभिन्न समयमा प्रयोग हुने आगोको बेग्ला बेग्लै नामाकरण गरिएको छ।




यी बाहेक सब्य अग्नि र लौकिक अग्नि समावेश गरेर यसैलाई पंचाग्नी पनि भनिन्छ। वी.एन. सरस्वतीले यी आगो बाहेक त्रेय, गृह र सव्य अग्निको पनि वेग्लै उल्लेख गरेका छन्।

शुभ विवाहको समयमा मन्त्र पढेर सल्काईने आगोलाई स्मार्त अग्नि भनिए झैं अन्त्येष्ठिको समयमा बाल्ने आगोलाई दक्षिणाग्नि भनिन्छ। चित्ता तयार पारेपछि दक्षिणपट्टि बेग्लै आगो बनाएर त्यही आगोले चिता सल्काइन्छ।

हिन्दू धर्म र दर्शनमा पवित्र अग्निदेवलाई साक्षीको रूपमा (विभिन्न संस्कार, न्वारन, पास्नी, उपनयन, शुभविवाह आदि) पवित्रताको परीक्षााको रूपमा (सीता माताको अग्नि परीक्षा) र तिब्रता भावनाको प्रतिनिधित्व गर्ने रूपमा (क्रोधाग्नि, प्रेमाग्नि, जठराग्नि) पनि दर्शाउने परम्परा छ।


वैदिक आर्य संस्कृतिको मुख्य प्रतिकको रूपमा यज्ञलाई लिइन्छ, त्यही यज्ञकै मुख्य पहिचानको रूपमा अग्निलाई मान्यता प्रदान गरिएको छ। देवगणको दूतको रूपमा मानिस र देवताको मध्यस्थलको रूपमा अग्निदेवलाई वेदमा दर्शाइएको छ। विद्वान दण्डेकरज्यूले आफ्नो पुस्तकमा आर्य र अनार्यको सफल मध्यस्थकर्ताको रूपमा पनि अग्निलाई दर्शाउनु भएको छ। (R.N., Dandekar, Vedic Mathological Tracts, Delhi, A.P., 1979, pp. 2, 279-280)

हिन्दूहरूको जन्मेदेखि मृत्युसम्मको विभिन्न संस्कारमा अग्निदेवको साऱ्है नै महत्त्वपूर्ण स्थान र मूर्तिबारे यो लेखमा संक्षित चर्चा भयो। अब ऋग्वेदको यो मन्त्रले अग्निदवलाई सम्बोधन गर्दै यो विषयको विट मारौं। "हे प्रज्वलित अग्नि! हाम्रो यज्ञ पूरा गर। हाम्रो मधुयुक्त यज्ञलाई देवता समक्ष तिमी लैजाउ। हे अग्नि! तिमी जनहितकारी होउ। यज्ञ पूरा गर्ने सबैद्वार खोलिदेउ। इला, सरस्वती र मही यज्ञमा कुशमा बस्। त्यस्टालाई म यज्ञमा बोलाउँछु। हे बनस्पति! हामी सम्पन्न होऔं, तिमी (अग्नि) देवतालाई भेट गर।" (ऋग्वेद १-१३)।

## सन्दर्भ ग्रन्थ

१　महाभारत, गोविन्दभवन कार्यालय, गोरखपुर, २०५३
२　ऋग्वेद, श्रीराम शर्मा आचार्य (सं.), संस्कृति संस्थान, बटेली, १९९५
३　अथर्ववेद, श्रीराम शर्मा आचार्य (सं.), संस्कृति संस्थान, बटेली, १९७५
४　कठोपनिषद, चिन्मयानन्द (टीकापुर), सेन्ट्रल चिन्मय मिशन ट्रस्ट, कानपुर, १९८२
५　रूपमण्डन, बलराम श्रीवास्तव (सम्पादक), मोतीलाल बनारसी दास, नेपाली खिपटा वाराणसी, २०२१
६　अमरकोश, पन्नालाल अभिमन्यु (सं.), वाराणसी, १९९५

७ विष्णु धर्मोत्तर, प्रियकाला शाह (सं.), बडोदा, १९३८
८ मत्स्य पुराण, रामप्रताप त्रिपाठी (सं.), प्रयोग २००३
९ अग्नि पुराण, विवेक देवरोय, दिपावली देवरोप, (अनु.) बुक फर अल, दिल्ली
१० इन्दूमती मिश्र प्रतिमा विज्ञान, मध्यप्रदेश, हि.ग्र.अ., १९८७।
११ नीलकण्ठ, पुरूषोत्तम जोशी, प्राचीन भारतीय मूर्ति विज्ञान, विहार राष्ट्रभाषा परिषद, १९७७।
मूर्ति विज्ञान, विहार राष्ट्रभाषा परिषद, १९७७।
१२ जगदीशचन्द्र रेग्मी, शाहकालीन कला र वास्तुकला, काठमाडौं, साझा प्रकाशन, २०५०।
१३ मदनमणि दीक्षित, त्यो युग, काठमाडौं, समीक्षा, २०४७।
१४ R.N. Dandekar, Vedic Mythological Tracts, Ajanta Pub. 1979 .
१५. Aurobindo, On the Veda, Pondicherry, 1964.
१६. Vettam mani, Puranic Encyclopaedia, Delhi, Motilal Banarasidass 1993.
१७. Stella Kramrisch, The Presence of Siva, New Jersu, Princeston University Press, 1981.
१८. T.A.G. Rao, The Elements of Hindu Iconography, Vol. II, Part II, Delhi, Motilal B., 1985.
१९. J.N. Banerjea, The Development of Hindu Iconography, Delhi, M. M Publisher 1985.
२०. Mary Slusser, Nepal Mandala, New Jersey 1982.
२१. Sukumari Bhattacharyi, The Indian Theogony, Delhi, Motilal B 1988.
B.N. Suraswati, Brahmanic Ritual Traditions, Simla, 1977.
पत्रिका
खोपृङ, वर्ष ६, २०५४।



पशुपति ब्रम्हा मन्दिरको अग्निदेवको रेखाचित्र